# छुट सुविधा उपयोग गर्ने बारे आन्तरिक राजस्व विभागको सूचना

आर्थिक ऐन, २०७९ बमोजिम देहायका करदाताको लागि निम्न प्रकारका छुट तथा सहुलियत सम्बन्धी (स्किम) व्यवस्था भएको छ।स्कीममा सहभागी हुने समय सीमा २०७९ पौष मसान्तसम्ममात्र भएकोले समयमै कर सहभागिता जनाई उपलव्ध सुविधा तथा सहुलियत उपयोग गर्न यो सूचना गरिएको छ।सुविधा तथा सहुलियत सम्बन्धी विस्तृत व्यहोरा आर्थिक ऐन, २०७९, विभागको वेवसाइट ird.gov.np र सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुवाट प्राप्त गर्न सकिनेछ।

- आर्थिक ऐनको दफा २५: करयोग्य कारोवार गरिरहेका र हालसम्म करको दायरामा नआएका व्यक्तिले स्थायी लेखा नम्वर लिएर विगत तीन वर्षको आय विवरण र कर २०७९ पौष मसान्तसम्म बुझाएमा त्यस अघिको कर, शुल्क र व्याज मिन्हा पाउने।
- दफा २६: संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) करदाताहरुले २०७८ चैत्र मसान्त सम्मको मूल्य अभिबृद्धि कर विवरण वा विवरण अनुसारको कर बुझाउन बाँकी भएको भए बुझाउन बाँकी विवरण, कर र व्याजको ५० प्रतिशत रकम २०७९ पौष मसान्तसम्म बुझाएमा बाँकी व्याज, थप दस्तुर र जरिवाना छुट पाउने।
- दफा २७: अन्तःशुल्क इजाजतपत्रवालाले २०७८ चैत्र मसान्त सम्मको विवरण वा विवरण अनुसारको अन्तःशुल्क बुझाउन बाँकी भएको भए बुझाउन बाँकी विवरण, अन्तःशुल्क र विलम्ब शुल्कको ५० प्रतिशत रकम २०७९ पौष मसान्तसम्म बुझाएमा जरिवाना र बाँकी विलम्ब शुल्क छुट पाउने।
- दफा २८: अन्तःशुल्क इजाजतपत्रवाला उद्योगले १५ वर्ष भन्दा पुराना मौज्दातको लगत कट्टाको लागि २०७९ पौष मसान्तसम्म निवेदन दिने।